# बेनी नगर कार्यपालिकाको बैठकका निर्णयहरु (आ.व.२०७९/०८०, बैठक नं ११)

मिति : २०७९ चैत्र २९ गते

**प्रस्तावहरु:**

१. विगतको निर्णय समीक्षा सम्बन्धमा
२. गण्डकी प्रदेश सरकारको माग बमोजिम समपुरक अनुदानका लागि योजना माग गर्ने
३. बेनी नगरपालिकाको प्रतीक चिन्ह स्वीकृत गर्ने सम्बन्धमा
४. विभिन्न योजनाको म्याद थप सम्बन्धमा
५. योजना कार्यान्वयन सम्बन्धमा
६. कार्यविधि बनाउने सम्बन्धमा
   - खानेपानी तथा जलश्रोत उपभोक्ता समिति सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि
   - बेनी नगरपालिकाको सार्वजनिक खरिद नियमावली
   - बेनी नगरपालिकाको आपतकालीन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधि

७. मृतक कर्मचारी देवी खत्रीलाई आर्थिक सहायता दिने सम्बन्धमा
८. मानव अधिकार राष्ट्रिय कार्ययोजना स्थानीय तह समन्वय समिति गठन सम्बन्धमा
९. स्थानीय तहमा महिला स्वास्थ्य स्वयंसेविका समिति गठन सम्बन्धमा
१०. नगर प्रहरीहरुको राशन भत्ता माग सम्बन्धी निवेदन सम्बन्धमा
११. हाइल्यान्ड एडभेन्चर पार्कको निवेदन सम्बन्धमा
१२. बेनी नगरपालिकाको फोहरमैला सरसफाई योजना सम्बन्धमा
१३. गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको तालिम आवश्यकता पहिचान सम्बन्धी पत्र सम्बन्धमा
१४. बेनी नगरपालिकाको जग्गा प्राप्ति सम्बन्धमा
१५. विविध

**निर्णयहरु**

१. बेनी नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समिक्षा गरियो । नगरपालिकाबाट भएका सबै खर्चहरु अनुमोदन गर्नुका साथै कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने निर्णय गरियो ।

२. गण्डकी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालय पोखरा नेपालको च.नं ५०२ मिति २०७९/१२/०१ गतेको निर्णयानुसार आगामी आ.व. २०८०/०८१ को अन्तरसरकारी वित्त हस्तान्तरण प्रयोजनार्थ समपूरक र विशेष अनुदानका लागि देहाय बमोजिमका योजनाहरु माग गर्ने निर्णय गरियो । समपूरक अनुदान अन्तर्गत माग गरिएका योजनाहरुमा नगरपालिकाको तर्फबाट ४० प्रतिशत साझेदारी गर्ने समेत निर्णय गरियो ।

**विशेष अनुदान अन्तर्गत माग गरिएका योजनाहरु:**

| सि नं | योजनाको नाम | अनुमानित रकम | कैफियत |
|---|---|---|---|
| १ | अर्थुङ्गे पुलाचौर भुतपानी सडक (क्रमागत) | रु १ करोड | |
| २ | बेनी हल्लेगौंडा भकिम्ली सडक | रु १ करोड | |
| ३ | बेनी ठुलोगैरा भकुन्डे सडक | रु १ करोड | |

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख

**समपुरक अनुदान अन्तर्गत माग गरिएका योजनाहरु (नगरपालिका तर्फबाट ४० प्रतिशत साझेदारी गर्ने गरी):**

| सि नं | योजनाको नाम | अनुमानित रकम | कैफियत |
|---|---|---|---|
| १ | बेनी खुलामञ्च (मिनि रंगशाला निर्माण) बेनपा ७ | रु १ करोड | |
| २ | महारानीस्थान छापा डाँडाखेत ठुलोखोला सडक बेनपा ५, ६ र ४ | रु १ करोड | |
| ३ | तरकारी तथा फलफुल बजार तथा तरकारी संकलन केन्द्र निर्माण बेनपा ८ | रु १ करोड | |

३. सङ्घीय सशर्त, समपूरक र विशेष अनुदान तथा बेनी नगरपालिका आफ्नै स्रोत मार्फत सञ्चालित देहायका योजनाहरु निर्माण सामाग्रीहरुको अपर्याप्तता समेतका विविध कारणवश समयमा सम्पन्न हुन नसकेकोले म्याद थपका लागि माग भई आए बमोजिम निर्माण कार्यसम्पन्न हुन लाग्ने अनुमानित समय, निर्माण सामाग्री, कामदारको उपलब्धता समेतका विषयहरु विश्लेषण गरी देहाय बमोजिमको अवधिका लागि म्याद थप गर्ने निर्णय गरियो । यस बैठक अगावै निर्माण व्यवसायीहरुको माग बमोजिम कार्यालयको निर्णयबाट म्याद थप गरिएका योजनाहरुको निर्णय कार्यलाई समेत अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | म्याद थप गर्ने अवधी | कैफियत |
|---|---|---|---|
| १ | बेनी खुल्ला मञ्च निर्माण, बेनी न.पा.-७ | २०७९ चैत्र मसान्तसम्म | |
| २ | बेनी भुतपानी सडक | २०८० जेठ १५ गतेसम्म | |
| ३ | तातोपानी बजार कालोपत्रे योजना | २०८० जेठ १५ गतेसम्म | |
| ४ | बेनी-पात्लेखेत सडक | २०८० बैशाख मसान्तसम्म | भेरिएशन आदेश समेत गर्ने |
| ५ | बेनी-ज्यामरुकोट भकुन्डे सडक | २०८० बैशाख मसान्तसम्म | |
| ६ | बेनी नगरपालिका भवन तला थप | २०७९ चैत्र मसान्तसम्म | |
| ७ | बेनी पुलाचौर भुतपानी सडक | २०८० जेठ १५ गतेसम्म | |
| ८ | महारानीस्थान छापा डाडाखेत ठुलोखोला सडक | २०८० बैशाख मसान्तसम्म | |

४. बेनी नगरपालिका अन्तर्गत चालु आर्थिक वर्ष २०७९/०८० मा सञ्चालित योजनाहरु समयमा सम्पन्न गराउन आवश्यक कार्य अघि बढाउने निर्णय गरियो ।

५. बेनी नगरपालिकाको प्रतिक चिन्ह (Logo) निर्माण गरी पेश गर्ने सम्बन्धी मिति २०७९/११/३० गतेको सूचना बमोजिम प्रतिक चिन्ह (Logo) निर्माण गरी पेश गर्ने २० डिजाईनकर्ताहरुमध्ये छनौट समितिबाट सिफारिश भई आएको बेनी नगरपालिका वडा नं १० बस्ने खिम बहादुर क्षेत्रीको डिजाईन स्वीकृत गर्ने निर्णय गरियो । बेनी नगरपालिकाको स्वीकृत नयाँ लोगोको सार्वजनिकीकरण तथा लोगोको डिजाईनकर्तालाई नगद रु २५ हजार र सम्मानपत्र समेत बेनी नगरपालिकाको स्थापना दिवस (जेठ २५ गते) का दिन प्रदान गर्ने निर्णय गरियो ।

६. बेनी नगर कार्यपालिकाको कार्यालयबाट पेश भएका देहायका नियम एवं कार्यविधिहरुलाई स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

क) खानेपानी तथा जलस्रोत उपभोक्ता समिति सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९

सुरत के.सी.
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरत के.सी.
नगर प्रमुख

ख) बेनी नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९

ग) बेनी नगरपालिकाको आपतकालिन कार्यसञ्चलान केन्द्र सञ्चालन कार्यविधि, २०७९

७. बेनी नगरपालिकामा सहायक तेस्रो पदमा करारमा कार्यरत कर्मचारी श्री देबी खत्रीको मिति २०७९ फागुन २९ गते बेलुका उपचारको क्रममा असामयिक निधन भएकोले निजले यस कार्यालयमा पुर्याएको योगदान समेतको उच्च कदर गरी निजको परिवारलाई औषधि उपचार खर्च बापत रु ५० हजार, किरिया खर्च वापत रु २५ हजार उपलब्ध गराउने निर्णय गरियो । करारमा कार्यरत कर्मचारीका लागि उपदान वा निवृत्तिभरणको कानूनी व्यवस्था नभएता पनि निजले बेनी नगरपालिकाको सेवा प्रवाहमा पुर्याएको योगदान, निजको परिवारको आर्थिक अवस्था समेतको मूल्याङ्कन गरी बेनी नगरपालिकाको आन्तरिक स्रोतबाट व्यहोर्ने गरी केही रकम निजको परिवारलाई उपलब्ध गराउनु सान्दर्भिक हुने भएकोले निजले बेनी नगरपालिकामा गरेको जम्मा वर्ष बराबरको अवधिका लागि आखिरी आधा महिनाको तलब बराबरले हुने रकम हिसाब गरी सबै खर्च बेनी नगरपालिकाको कर्मचारी कल्याण कोषबाट भुक्तानी गर्ने गरी उपलब्ध गराउने निर्णय गरियो ।

८. मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.व. २०७७/०७८-२०८१/८२) को दफा ४.२.४ बमोजिम देहाय बमोजिमको स्थानीय समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क) सुरत के.सी, नगरप्रमुख, बेनी नगरपालिका | - संयोजक |
| ख) ज्योती लामिछाने पौडेल, उपप्रमुख, बेनी नगरपालिका | - सदस्य |
| ग) वडाध्यक्ष, सबै, बेनी नगरपालिका | - सदस्य |
| घ) युवराज थापा, प्रशासकीय अधिकृत, बेनी नगरपालिका | - सदस्य |
| ङ) अध्यक्ष, म्याग्दी उद्योग वाणिज्य संघ | - सदस्य |
| च) अध्यक्ष, गैरसरकारी संस्था महासंघ | -सदस्य |
| छ) अध्यक्ष, महिला मानव अधिकार रक्षक सञ्जाल | -सदस्य |
| ज) शंकर पौडेल, हवल्दार, नगर प्रहरी प्रमुख, बेनी न.पा. | - सदस्य |
| झ) प्रमुख प्रशासकीय अधिकृत, बेनी न.पा. | - सदस्य सचिव |

९. राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति २०७६ को अनुसूची ५ बमोजिम देहाय अनुसारको एक स्थानीय तहमा महिला स्वास्थ्य स्वयंसेविका समिति गठन गर्ने निर्णय गरियो । बेनी नगरपालिकाको महिला स्वास्थ्य स्वयंसेविका सम्पर्क व्यक्तिको रुपमा बेनी नगरपालिकाको स्वास्थ्य शाखाको सि.अ.न.मि. (अधिकृत छैठौं) श्री लिला कुमारी गौतमलाई तोक्ने निर्णय गरियो ।

| | |
|---|---|
| क. ज्योती लामिछाने पौडेल, उपप्रमुख, बेनी नगरपालिका | - संयोजक |
| ख. प्रतिनिधि, योजना शाखा, बेनी नगरपालिका | - सदस्य |
| ग. संयोजक, सामाजिक विकास समिति | - सदस्य |
| घ. सदस्य, मनोनित सीमान्तकृत लोपोन्मुख | -सदस्य |
| ङ. सदस्य, मनोनित सीमान्तकृत लोपोन्मुख | -सदस्य |
| च. प्रतिनिधि, महिला स्वास्थ्य स्वयंसेविका | -सदस्य |

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरत के.सी.
नगर प्रमुख

छ. प्रतिनिधि, सुआहारा नेपाल -सदस्य

ज. चन्दन सुवेदी, स्वास्थ्य शाखा प्रमुख, बेनी नपा - सदस्य सचिव

१०. बेनी नगरपालिकाको प्रकाशित नक्शामा वडा नं ६ को नक्शामा प्राविधिक त्रुटी देखिएका कारण साबिक अर्थुङ्गे गाविस वडा नं ३ देखि ९ सम्मको नक्शालाई नै हालको वडा नं ६ को आधिकारिक नक्शाको रुपमा तय गरी सोको पूर्ण प्रयोग गर्ने र सोही बमोजिम साबिक गाविसको सीमाना अनुसारकै नक्शा संशोधनका लागि नापी कार्यालय मार्फत नापी विभागमा लेखी पठाउने निर्णय गरियो ।

१०. बेनी नगरपालिकामा कार्यरत नगरप्रहरीहरुले राशन भत्ता माग गरी पेश गरेको निवेदन उपर कारवाही हुँदा २०८० साल साउन महिनाबाट लागु गर्ने गरी कार्यपालिकाको निर्णय बमोजिमको रकम मासिक राशनभत्ता बापत उपलब्ध गराउने निर्णय गरियो ।

११. बेनी नगरपालिका नेपाल सरकारको मिति २०७१ जेठ २५ गतेको निर्णयानुसार घोषणा भएको अभिलेख रहेकोले हरेक वर्ष जेठ २५ गतेलाई बेनी नगरपालिका स्थापना दिवस मनाउने निर्णय गरियो ।

१२. हाईल्यान्ड एडभेन्चर पार्कको मिति २०७९/१२/०९ गतेको निवेदन बमोजिम बेनी नगरपालिका वडा नं २ स्थित हाडेभिर लभ्लीहिल क्षेत्रमा पर्याय पर्यटन सम्बन्धी कार्य गर्नका लागि बेनी नगरपालिकाको साझेदारी समेतका लागि अनुरोध भई आएकोमा सम्बन्धित क्षेत्रका सामुदायिक वनले वन ऐन, २०७६ को दफा १८ बमोजिम तथा वन नियमावली, २०७७ को नियम ४६ को उपनियम (८) बमोजिमको प्रकृया पूरा गरी तर्जुमा गरिएको कार्ययोजना उपनियम (१०) बमोजिम डिभिजनल वन अधिकृतबाट स्वीकृत गराई नगरपालिकासँग साझेदारीका लागि अनुरोध भई आएमा कार्यपालिका बैठकबाट साझेदारीको प्रतिशत वा हिस्सा तय गरी साहसिक पर्यटन प्रवर्द्धनका लागि आवश्यक सहकार्य गर्ने गराउने निर्णय गरियो ।

१३. बेनी नगरपालिका स्वच्छ र सरसफाईयुक्त बनाउनका लागि फोहोरमैला सम्बन्धी दीर्घकालीन योजना तर्जुमा गर्नका लागि देहायको समिति गठन गर्ने निर्णय गरियो ।

क) श्री रमेश कुमार श्रेष्ठ, वडा अध्यक्ष, बेनी न.पा. - संयोजक

ख) श्री उत्तम कुमार कर्माचार्य, वडा अध्यक्ष, बेनी न.पा. - सदस्य

ग) श्री अण बहादुर खडका, वडा अध्यक्ष, बेनी न.पा. - सदस्य

घ) श्री चक्र बहादुर के.सी., वडा अध्यक्ष, बेनी न.पा. - सदस्य

ङ) श्री युवराज थापा, प्रशासकीय अधिकृत, बेनी नगरपालिका - सदस्य-सचिव

१४. गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको चलानी नं १६० मिति २०७९/१२/२१ गतेको पत्रानुसार माग भई आए बमोजिम बेनी नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुका लागि आवश्यक तालिम पहिचान गरी माग गरी पठाउने निर्णय गरियो ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरत के.सी.
नगर प्रमुख

१५. बेनी नगर कार्यपालिकाको कार्यालयले हाल उपभोग गरिरहेको परराष्ट्र मन्त्रालयका नाममा रहेको साबिक अर्थुङ्गे गाविस वडा नं २ख कित्ता नं ११५ क्षेत्रफल ५-३-२-३ को जग्गा बेनी नगरपालिकाका नाममा ल्याउने विषयमा साबिकमा भएका पत्राचार एवं अभिलेखहरु अध्ययन गरी परराष्ट्र मन्त्रालयको सहमतीका लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

१६. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ को उपनियम (४) बमोजिम राजश्व उठाउने कार्यालयले सेवाग्राही वा करदाताबाट प्राप्त गर्ने नगद राजश्व दैनिक रुपमा दाखिला गर्नुपर्ने प्रावधान रहेकोमा बेनी नगरपालिका मातहतका वडा कार्यालयहरुबाट यस प्रकारको राजश्व दैनिक रुपमा खातामा दाखिला नहुने गरेको कारण वर्षेनी महालेखा परीक्षकको प्रतिवेदनले बेरुजु औंल्याइरहेको सन्दर्भमा सोको न्युनीकरण गर्नका लागि नगरपालिकाको बैंक खाता रहेको बैंकलाई अनुरोध गरी सबै वडा कार्यालयहरुमा QR कोड स्क्यान हुने व्यवस्था मिलाई अनलाईन भुक्तानी प्रणाली अवलम्बनलाई प्रोत्साहन गर्ने निर्णय गरियो ।

१७. कमेरे खानेपानी योजनाको विषयमा सर्वोच्च अदालतमा परेको मुद्दाका विषयमा बहस पैरवी लगायतका अन्य कानूनी प्रकृया पूरा गर्नका लागि खटिने अधिवक्तालाई एकपटकका लागि सहयोग स्वरुप रु ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

१८. बेनी नगरपालिका अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीहरुलाई लुगा भत्ता वितरण गरिएको विषयमा वर्षेनी महालेखा परीक्षकको कार्यालयले बेरुजु औंल्याईरहेको अवस्था छ । बेनी नगरपालिकाको स्वीकृत संगठन तथा व्यवस्थापन सर्भेक्षण बमोजिम निज कर्मचारीहरु नगरपालिकाको नयाँ स्वीकृत संगठन तथा व्यवस्थापन सर्भेक्षणको दरबन्दी भित्र रहने देखिएकोले निजहरुको तलबभत्ता, चाडबाड खर्च लगायत लुगाभत्ता आन्तरिक स्रोतबाट व्यहोर्ने गरी खर्च लेख्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

१९. चालु आर्थिक वर्षमा कार्यान्वयन गर्ने गरी विनियोजित देहायका योजनाहरु कार्यान्वयन हुन सक्ने अवस्था नदेखिएकोले देहाय बमोजिम परिवर्तन गर्ने गराउने निर्णय गरियो ।

| सि नं | योजनाको नाम | विनियोजित बजेट रकम रु | संशोधित योजनाको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | डम्मरा तल्लो माझखेत सडक स्तरोन्नती बेनपा ६ | ३०२२०० | डोले, भुकभुके, स्वर्गाश्रम सडक मर्मत, बेनपा ३ | प्र.म. रोजगार कार्यक्रम |
| २ | खोरिया बराहपाखो पिक्निकस्थल हुलाकचोक हुँदै बेनपा ८ सिमानासम्म पदमार्ग निर्माण | २११२०० | लभ्लीहिल पिपलडाँडा वडा कार्यालय सडक मर्मत योजना बेनपा २ | प्र.म. रोजगार कार्यक्रम |
| ३ | हरितगृह विद्यालय कार्यक्रम सञ्चालन तथा विद्यालय बगैंचा निर्माण | २००००० | स्थानीय पाठ्यपुस्तक निर्माण तथा छपाईमा थप | सामाजिक विकास समिति |

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरत के.सी.
नगर प्रमुख

२०. नेपाल सरकारको सङ्घीय सशर्त अनुदान मार्फत यस नगरपालिकालाई प्राप्त भएको सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन शीर्षकमा विनियोजित रकम रु २० लाख ७ हजार मध्येबाट स्यानिटरी प्याड र सोको व्यवस्थापनका लागि आवश्यक उपकरण औजार सोझै खरिद गर्ने गरी प्रकृया अघि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

२१. बेनी नगरपालिका अन्तर्गत विभिन्न सरकारी निकाय, सामुदायिक विद्यालय, तथा घरमा सटर लिई पसल, होटल, क्यान्टिन वा अन्य कुनै व्यवसाय सञ्चालन गरिरहेका व्यक्तिहरु तथा व्यवसायीहरुसँग फोहरमैला संकलन गरे बापत प्रति सटर/पसल मासिक रु १५० रुपैया फोहरमैला सेवा शुल्क लिने निर्णय गरियो ।

२२. चालु आर्थिक वर्षमा जनप्रतिनिधिहरुको सुविधाका लागि विनियोजन गरिएको रकम अपुग हुने अवस्था देखिएकोले बेनी नगरपालिकाको कर्मचारीहरुको पारिश्रमिक शीर्षकमा विनियोजित रकम मध्येबाट नपुग रकम स्रोतान्तर गरी जनप्रतिनिधिहरुको सुविधा वितरण गर्न प्रमुख प्रशासकीय अधिकृतलाई कार्यादेश दिने निर्णय गरियो ।

२३. वडा नं ८ अन्तर्गतका कृषकहरुको प्रोत्साहनका लागि कृषक समेतको साझेदारीमा प्राङ्गारिक मल बनाउने कम्पोष्ट बिन वितरण गर्न रु १ लाख ५० हजार विनियोजन गर्ने निर्णय गरियो ।

२४. भूउपयोग ऐन, २०७६ तथा नियमावली, २०७९ बमोजिम बेनी नगरपालिकाभित्रका जग्गाहरुको तोकिए बमोजिमको वर्गमा वर्गीकरण गराउन लेखी आए बमोजिम यस नगरपालिका अन्तर्गत ४ नं वडा कार्यालयले पेश गरेको वर्गीकरण कार्य र सो सँग सम्बन्धित निर्णय बैठकमा जानकारी भयो । अन्य वडा कार्यालयहरुबाट समेत जग्गा वर्गीकरणको कार्यमा तदारुकता देखाई समयमा सम्पन्न गर्न गराउन आवश्यक कार्य गर्ने निर्णय गरियो सोको खाजा एवं बैठक लगायत अन्य सामान्य विविध खर्चका लागि विविध कार्यक्रम खर्च शीर्षकबाट खर्च लेख्ने गरी प्रति वडा रु १० हजार विनियोजन गर्ने निर्णय गरियो ।

२५. बेनी नगरपालिका वडा नं ९ र १० शान्ती सुरक्षाका हिसाबले अत्यन्तै संवेदनशील क्षेत्र रहेको र उक्त क्षेत्रमा प्रहरी सेवाको पहुँच न्यून रहेको कारण वडा नं ९ र १० दुवै वडाका लागि पायक पर्ने स्थानमा अस्थायी प्रहरी चौकी स्थापना गर्नका लागि जिल्ला प्रशासन कार्यालय तथा जिल्ला सुरक्षा समितिलाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

२६. बेनी नगरपालिकालाई प्राप्त भएको सशर्त अनुदान तर्फको गिरी जातिका फाउन्डेशनका लागि विनियोजन भएको रकम रु २० लाख मध्येबाट गिरीजा टिका फाउन्डेशनको तर्फबाट जनकल्याण मावि पुलाचौरको भवन निर्माण तथा मेशीनरी औजार खरिदका लागि खर्च गर्ने भनी पेश गरेको प्रस्ताव स्वीकृत गरी प्रकृया अघि बढाउने निर्णय गरियो ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरत के.सी.
नगर प्रमुख

२७. नेपाल सरकार शिक्षा मन्त्रालयबाट नमूना विद्यालय कार्यक्रमका लागि छनौट भएको बेनपा ६ स्थित जामुनाखर्क माविको स्वीकृत गुरुयोजना अनुसारको कार्य गर्ने प्रयोजनका लागि चालु आ.व. मा निकासा भएको रकम रु १ करोड १ लाख मध्येबाट मिति २०७९/०९/१२ गते प्रकाशित बोलपत्र आव्हानको सूचना बमोजिम कबोल गरिएको अङ्क र सोको कन्टेन्जेन्सी लगायतका खर्च कटाई बाँकी रहन आउने रकम रु २४ लाख ९४ हजार ९ सय ६१ बाट शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं ६६५ मिति २०७९/०१/१५ को पत्र अनुसार नमूना विद्यालयको कार्यान्वयनका लागि स्थानीय तहमा वित्तीय हस्तान्तरण भई गएको बजेट विद्यालयको स्वीकृत गुरुयोजना कार्यान्वयनका लागि खर्च गरी ठेक्का पश्चात बचत रकम समेत गुरुयोजना कार्यान्वयनमा खर्च गर्न सकिनेछ भन्ने निर्देशन प्राप्त भए बमोजिम बोलपत्रको प्रकृया पश्चात बाँकी रहेको रकम रु २४ लाख ९४ हजार ९ सय ६१ बाट उपभोक्ता समिति मार्फत गुरुयोजनामा समावेश भएका कार्यक्रम सञ्चालन गर्न विद्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

२८. बेनी नगरपालिका ७ नं वडा कार्यालयको च.नं ३९५ मिति २०७९/१०/०९ गतेको पत्रानुसार बेनपा ७ र ८ सँगमचोक र आसपासको क्षेत्रमा पानी तान्ने प्रयोजनका लागि सामाग्री खरिद गर्न आवश्यक सहयोग माग गरी आएकोले सो सम्बन्धमा पानी तान्ने मोटर, विद्युत तार, प्राविधिक पारिश्रमिक, गिटी बालुवा सिमेन्ट, २८० एमएम (१२ इन्च) र ४० एमएम (१.५ इन्च) को पाइप खरिदका लाग्ने लागत र बिल अनुसारको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३